ऐसेलुखर्क गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
ऐसेलुखर्क, खोटाङ
कोशी प्रदेश, नेपाल

प.सः-२०८२/०८३
च.नः- १२०८

मितिः २०८२/११/०४
नेपाल सम्वत् ११४६ सिल्लागा चतुर्दशी ।

श्री सम्पूर्ण कक्षा-८ र कक्षा-१० सञ्चालित सामुदायिक विद्यालयहरु
ऐसेलुखर्क गाउँपालिका, खोटाङ ।

विषयः एस.इ.इ. र कक्षा ८ को लागि अग्रेंजी, गणित र विज्ञान विषयको लागि थप अतिरिक्त कक्षा सञ्चालन अनुदान व्यवस्थापन।

प्रस्तुत विषयमा आ.व. २०८२/०८३ मा विषयगत शाखा (शिक्षा) तर्फको एस.इ.इ.र कक्षा ८ को लागि अग्रेंजी, गणित र विज्ञान विषयको लागि थप अतिरिक्त कक्षा सञ्चालन अनुदान अन्तर्गत ऐसेलुखर्क गाउँपालिकाको कार्यपालिकाद्धारा मिति २०८२/०७/१८ गते स्वीकृत आ.व. २०८२/०८३ का केही कार्क्रमहरु सञ्चालन गर्ने सम्वन्धी कार्यविधि, २०८२ को दफा ८ (**एस.इ.इ. तथा कक्षा ८ अतिरिक्त कक्षा सञ्चालन अनुदान व्यवस्थापन**) को परिधिभित्र रही तत् कार्यक्रम सञ्चालन गरी भुक्तानीको लागि सोही कार्यविधिको अनुसुची-६ बमोजिमको प्रतिवेदन सहित ऐसेलुखर्क गाउँ कार्यपालिकामा पेश गर्नुहुन अनुरोध छ ।(तत् कार्यविधि यसैसाथ संलग्न छ।)

२०८२/११/०४
..............................
रेख बहादुर थापा
प्रमुख प्रशासकीय अधिकृत

**वोधार्थ**
श्री शिक्षा, युवा तथा खेलकुद शाखा, ऐसेलुखर्क गाउँ कार्यपालिकाको कार्यालय, ऐसेलुखर्क खोटाङ ।
श्री आर्थिक प्रशासन शाखा, ऐसेलुखर्क गाउँ कार्यपालिकाको कार्यालय, ऐसेलुखर्क खोटाङ ।

०३६-४११९०३ ०३६-४११९०४
E-mail :info@aiselukharkamun.gov.np, Website:www.aiselukharkamun.gov.np

CamScanner

# आ.व. २०८२/०८३ का केही कार्यक्रमहरु सञ्चालन गर्ने सम्बन्धी कार्यविधि,२०८२

ऐसेलुखर्क गाउँपालिकाको विनियोजन ऐन, २०८२ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी गाउँपालिकाबाट आ.व. २०८२/०८३ मा स्वीकृत वार्षिक कार्यक्रमहरुलाई मितव्ययी, पारदर्शी र नतिजामुखी रुपमा कार्यान्वयन गर्न ऐसेलुखर्क गाउँ कार्यपालिकाले यो कार्यविधि बनाएको छ।

## परिच्छेद - १

## प्रारम्भिक

१. **संक्षिप्त नाम, प्रारम्भ र लागू हुने अवधिः** (१) यस कार्यविधिको नाम "आ.व. २०८२/०८३ का केही कार्यक्रमहरु सञ्चालन गर्ने सम्बन्धी कार्यविधि, २०८२" रहेको छ।

(२) यो कार्यविधि गाउँ कार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ।

(३) यो कार्यविधि आर्थिक वर्ष २०८२/०८३ को बजेट तथा कार्यक्रम कार्यान्वयन प्रयोजनका लागि मात्र बहाल रहनेछ।

(४) यस कार्यविधि बमोजिम सञ्चालन गरिने कार्यक्रम, बजेट उपशीर्षक, क्रियाकलाप संकेत र विनियोजित बजेट देहाय बमोजिमका १७ ओटा हुनेछन्:

## ८. एस.इ.इ. तथा कक्षा ८ अतिरिक्त कक्षा सञ्चालन अनुदान व्यवस्थापनः

(१) ऐसेलुखर्क गाउँपालिकाको विनियोजन ऐन, २०८२ बमोजिम स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत विनियोजित क्रियाकलाप संकेत नं १६२.२२.१.२९५, विनियोजित रकम रु. ३,५०,०००/- (तीन लाख पचास हजार) बाट खर्च बेहोर्ने गरी यो कार्यक्रम सञ्चालन गर्नुपर्नेछ।

(२) यस कार्यक्रमको मुख्य उद्देश्य सामुदायिक विद्यालयका कक्षा ८ र १० (SEE) का विद्यार्थीहरूको अंग्रेजी, गणित र विज्ञान विषयको नतिजा (GPA) मा गुणात्मक वृद्धि गर्नु तथा विद्यार्थीहरूमा कठिन विषयप्रतिको त्रास हटाई आत्मविश्वास जागृत गराउनु रहेको छ।

(३) यो अनुदान प्राप्त गर्न विद्यालयले देहायका सर्त र प्राविधिक मापदण्डहरू पालना गर्नुपर्नेछः

क. अतिरिक्त कक्षा अनिवार्य रूपमा अंग्रेजी, गणित र विज्ञान विषयमा केन्द्रित हुनुपर्नेछ र प्रत्येक विषयको कक्षा अवधि दैनिक कम्तीमा ४५ मिनेट (३ विषयको कुल २ घण्टा १५ मिनेट) हुनुपर्नेछ।

ख. यस्तो कक्षा विद्यालयको नियमित समय (१०:०० देखि ४:००) बाहेकको समयमा सञ्चालन गर्नुपर्नेछ र नियमित कक्षा कटौती गर्न पाइने छैन।

ग. एक शैक्षिक सत्रमा कम्तीमा ३० कार्यदिन (Actual Teaching Days) कक्षा सञ्चालन भएको हुनुपर्नेछ।

घ. कक्षामा सम्बन्धित तहका विद्यार्थीहरूको उपस्थिति कम्तीमा ८५ प्रतिशत हुनु अनिवार्य छ।

ङ. यस कार्यक्रम बापत विद्यार्थी वा अभिभावकबाट कुनै पनि प्रकारको शुल्क लिन पाइने छैन।

(४) मापदण्ड पूरा गरी कक्षा सञ्चालन गर्ने विद्यालयलाई देहाय बमोजिमको दरमा रकम उपलब्ध गराइनेछः

क. माध्यमिक तह (कक्षा १०/SEE) को हकमाः प्रति विषय (४५ मिनेट) रु. ३००/- का दरले शिक्षक पारिश्रमिक र एकमुष्ट रु. २,५००/- शैक्षिक सामग्री गरी जम्मा अधिकतम रु. २९,५००/- (प्रति विद्यालय)।

ख. आधारभूत तह (कक्षा ८) को हकमाः प्रति विषय (४५ मिनेट) रु. २००/- का दरले शिक्षक पारिश्रमिक र एकमुष्ट रु. १,०००/- शैक्षिक सामग्री गरी जम्मा अधिकतम रु. १९,०००/- (प्रति विद्यालय)।

ग. विद्यालयले शिक्षकको पारिश्रमिक भुक्तानी गर्दा प्रचलित कानुन बमोजिम १५% पारिश्रमिक कर कट्टी गरी भुक्तानी गर्नुपर्नेछ।

(५) तोकिएको ३० दिनको कक्षा सम्पन्न भएपछि प्रधानाध्यापकले अनुसूची-६ बमोजिमको प्रतिवेदन, प्रमाणित हाजिरी र तस्विरहरू शिक्षा शाखामा पेश गर्नुपर्नेछ।

(६) तोकिएको मापदण्ड (दिन वा उपस्थिति) पूरा नभएमा रकम दामासाही आधारमा भुक्तानी दिनुपर्नेछ वा पूर्ण रूपमा रोक्का गर्नुपर्नेछ।

ऐसेलुखर्क गाउँ कार्यपालिकाको कार्यालय, खोटाङ



CamScanner

## अनुसूची - ६

(३)

**(कार्यविधिको दफा ८ को उपदफा (५) सँग सम्बन्धित)**

अतिरिक्त कक्षा सञ्चालन कार्यसम्पन्न प्रतिवेदन तथा भुक्तानी माग फारम

**१. विद्यालयको विवरणः**

विद्यालयको नामः ..........................................................

वडा नं.: ...................

सम्पर्क नं.: .......................................

**२. कक्षा सञ्चालन विवरणः**

- सुरु भएको मितिः ...........................
- सम्पन्न भएको मितिः ...........................
- जम्मा सञ्चालन दिन (कार्यदिन): ........................... दिन
- समय तालिकाः बिहान/बेलुका (........... बजे देखि ........... बजे सम्म)

**३. विषयगत सञ्चालन तथा उपस्थिति विवरणः**

| क्र.सं. | तह (८ वा १०) | विषय | विषय शिक्षकको नाम | जम्मा पिरियड | औसत विद्यार्थी उपस्थिति (%) |
|---|---|---|---|---|---|
| १ | | अंग्रेजी | | | |
| २ | | गणित | | | |
| ३ | | विज्ञान | | | |

**४. नतिजा विश्लेषणः**

| विषय | Pre-Test औसत प्राप्ताङ्क | Post-Test औसत प्राप्ताङ्क | कैफियत (सुधार भयो/भएन) |
|---|---|---|---|
| अंग्रेजी | | | |
| गणित | | | |
| विज्ञान | | | |

**५. संलग्न कागजातहरू (Checklist):**

- [ ] सम्बन्धित विषय शिक्षक र विद्यार्थीको प्रमाणित हाजिरी प्रतिलिपि।
- [ ] कक्षा सञ्चालन भइरहेको अवस्थाका स्पष्ट तस्विरहरू।
- [ ] प्रधानाध्यापकबाट प्रमाणित कार्यसम्पन्न प्रतिवेदन।



CamScanner

माथि उल्लेखित विवरण सत्य तथ्य छ। तोकिएको मापदण्ड र कार्यदिन (३० दिन) पूरा भएको व्यहोरा प्रमाणित गर्दै भुक्तानीका लागि सिफारिस गर्दछु।

.........................................

प्रधानाध्यापकको दस्तखत

मितिः ............................

विद्यालयको छाप

---

सिफारिस (शिक्षा शाखाको प्रयोगार्थ):

श्री................................. विद्यालयले पेश गरेको कागजात र अनुगमन गर्दाको आधारमा निज विद्यालयले ...... दिन कक्षा सञ्चालन गरेको र तोकिएको मापदण्ड पूरा गरेको/नगरेको देखिँदा नियमानुसार रु. ............................ भुक्तानीका लागि सिफारिस गर्दछु।

.........................................

शिक्षा शाखा प्रमुख

ऐसेलुखर्क गाउँ कार्यपालिकाको कार्यालय खोटाङ



CamScanner